फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
म्याग्दी, बेनी

प.स.:- ०७७/०७८
च.नं. :-

मितिः-२०७७/०५/१६

## प्रेस विज्ञप्ति ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (Covid-19) को संक्रमण नेपालमा दैनिक रुपमा बढिरहेको छ । नेपालीहरुका आ-आफ्नो धर्म, संस्कृति, परम्परा अनुसारका चाडपर्वहरु समेत नजिकिंदै आएकोले चाडपर्वहरूमा हुन सक्ने भीडभाडले कोभिड- १९ को संक्रमण थप बढ्न सक्ने देखिन्छ । विभिन्न राजनैतिक दलहरू, सरकारी/ गैरसरकारी संघ-संस्था, बैंक तथा वित्तीय संस्था, उद्योगी व्यवसायीका सार्वजनिक बैठक, भेला, साधारण सभाहरू, गोष्ठी, सम्मेलन आदिमा हुने जमघटले कोरोना संक्रमणको जोखिमलाई उच्च गराउन सक्ने देखिएको हुँदा चाडपर्व मनाउँदा एउटै घरमा बसेका परिवारका व्यक्ति बाहेक अन्य सँग भेटघाट नगर्ने, एउटै घरमा बसेका परिवारका सदस्य मात्र उपस्थित भई आफ्नो घर/कोठामा भौतिक दूरी कायम गरि चाडपर्व मनाउने, अनावश्यक भेटघाट र हिंडडुल नगर्ने, चाडपर्व, मेला, जात्रा, धार्मिक अनुष्ठान, पर्वहरु मनाउन सार्वजनिक स्थलहरुमा भेला नहुने, अनिवार्य रुपमा मास्क सेनिटाइजरको प्रयोग गर्ने, साबुन पानीले हात धुने गर्नु गराउनुहुन एवं *"चाडपर्व, जात्रा तथा उत्सव मनाउँदा पालना गर्नुपर्ने जनस्वास्थ्यका मापदण्ड, २०७७"* लाई पूर्ण रुपमा पालना गर्नु/गराउनुहुन तथा विवाह, मृत्यु संस्कारका कार्यक्रम गर्दा सुरक्षा मापदण्डको पूर्ण पालना गर्नु/गराउनुहुन सम्पूर्ण जिल्ला बासीहरुमा जिल्ला प्रशासन कार्यालय म्याग्दी, हार्दिक अनुरोध गर्दछ । साथै सबै राजनैतिक दल, सरकारी/गैरसरकारी संघ-संस्था, बैंक तथा वित्तीय संस्था, उद्योगी व्यवसायीका सार्वजनिक बैठक, भेला, साधारण सभाहरू, गोष्ठी, सम्मेलन नगर्नु/नगराउनुहुन र गराउनै पर्ने भएमा भौतिक उपस्थिति नगराई, विद्युतीय माध्यमबाट अभौतिक उपस्थिति मार्फत गर्नु/गराउनुहुन अनुरोध छ । सुरक्षा तथा जनस्वास्थ्य मापदण्डको पालना नगरेको पाइएमा संक्रामक रोग ऐन, २०२० बमोजिम कारबाही हुने व्यहोरा समेत यसै विज्ञप्ति मार्फत जानकारी गराइन्छ ।

२०७७-०५-१६

महेश सुवेदी
(सहायक प्रमुख जिल्ला अधिकारी/ सुचना अधिकारी)